# किशोरी सशक्तीकरण कार्यक्रम (सञ्चालन) निर्देशिका, २०७९

सन् २०२५ सम्ममा बालविवाह मुक्त प्रदेश घोषणा गर्ने प्रदेश सरकारको नीति कार्यान्वनतर्फ अग्रसर हुँदै सामाजिक समस्याको रूपमा रहेको बालविवाहको रोकथाम तथा निरूत्साहनका लागि विद्यालय स्तरबाट नै लक्षित किशोरीहरूको सशक्तीकरण गरी उनीहरूबाटै बालविवाह विरूद्ध सचेतना प्रवर्द्धन गर्दै बालविवाह अन्त्य गर्न प्रभावकारी कार्यक्रम सञ्चालन गर्न वाञ्छनीय भएकाले,

प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो निर्देशिका स्वीकृत गरी लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "किशोरी सशक्तीकरण कार्यक्रम (सञ्चालन) निर्देशिका, २०७९" रहेको छ ।

(२) यो निर्देशिका प्रदेश सरकारले स्वीकृत गरेको मितिबाट लागु हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "कार्यक्रम" भन्नाले यस निर्देशिका बमोजिम सञ्चालन गरिने किशोरी सशक्तीकरण कार्यक्रम सम्झनु पर्छ ।

(ख) "निर्देशक समिति" भन्नाले दफा ११ बमोजिम गठन हुने निर्देशक समिति सम्झनु पर्छ ।

(ग) "प्रदेश" भन्नाले प्रदेश नं. १ सम्झनु पर्छ ।

(घ) "प्रदेश सरकार" भन्नाले प्रदेशको मन्त्रिपरिषद् सम्झनु पर्छ ।

(ङ) "फोकल शिक्षक" भन्नाले कार्यक्रमको सहजीकरण गर्न विद्यालयले तोकेको एकजना शिक्षक सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले प्रदेशको बालबालिका सम्बन्धी कार्यक्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(छ) "विद्यालय" भन्नाले कार्यक्रम सञ्चालन गर्न सम्बन्धित स्थानीय तहले छनौट गरेको सामुदायिक माध्यमिक विद्यालय सम्झनु पर्छ ।

(ज) "समूह" भन्नाले कार्यक्रम सञ्चालन गर्न विद्यालयमा गठन गरिएको माध्यमिक तहमा अध्ययनरत छात्राहरू सम्मिलित "किशोरी सशक्तीकरण समूह" सम्झनु पर्छ ।

(झ) "स्थानीय तह" भन्नाले कार्यक्रम सञ्चालन गर्न मन्त्रालयले छनौट गरेको स्थानीय तह सम्झनु पर्छ ।

३. **कार्यक्रम सञ्चालन गरिने:** (१) प्रदेश भित्र बालविवाह अन्त्यका लागि दफा ४ बमोजिम छनौट भएका स्थानीय तहका विद्यालय स्तरमा सन् २०२५ सम्मको अवधिका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालनका लागि पहिलो चरणमा प्रदेशका सबै स्थानीय तहका एक-एक वटा हुने गरी कुल एक सय सैतिस वटा विद्यालयबाट सुरू गरी त्यसपछि क्रमैसँग प्रदेशका अन्य सबै विद्यालयहरूमा बिस्तार गरिनेछ ।

४. **विद्यालय छनौटः** (१) कार्यक्रम सञ्चालनका लागि स्थानीय तह आफैले विद्यालयको छनौट गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहले विद्यालय छनौट गर्दा देहायको आधारमा गर्नुपर्नेछः-

(क) छात्रको तुलनामा छात्रा संख्या बढी भएका विद्यालय,

(ख) आर्थिक, सामाजिक र सांस्कृतिक दृष्टिले बालविवाह बढी हुने सम्भावना भएका क्षेत्रका विद्यालय,

(ग) शैक्षिक, सूचना र चेतनाका आधारमा तुलनात्मक रूपमा पछि परेका क्षेत्रका विद्यालय ।

५. **बजेट निकासा तथा कार्यक्रम सञ्चालनः** (१) कार्यक्रम सञ्चालनका लागि प्रत्येक आर्थिक वर्षमा विनियोजित बजेट रकम अन्तर-सरकारी वित्त हस्तान्तरणमार्फत सम्बन्धित स्थानीय तहमा पठाइनेछ ।

(२) उपदफा (१) बमोजिम पठाइएको बजेट रकम स्थानीय तहले कार्यक्रम सञ्चालन गर्न छनौट भएको विद्यालयमा निकासा दिनेछ ।

(३) उपदफा (१) बमोजिमको बजेट रकमका अतिरिक्त स्थानीय तहले आवश्यक ठानेमा कार्यक्रमका लागि थप बजेट विनियोजन गरी विद्यालयमा निकासा दिन सक्नेछ ।

(४) बालविवाहको रोकथाम र निरूत्साहनका लागि समूहले सञ्चालन गर्ने सचेतना गोष्ठी, बाल दिवस तथा बालिका दिवस कार्यक्रम, सामूहिक छलफल जस्ता कार्यक्रम तथा गतिविधि सञ्चालनका सम्बन्धमा आवश्यक पर्ने खर्चका लागि मात्र समूहको बैठकको निर्णय बमोजिम विद्यालयले बजेट रकमको उपयोग गर्नुपर्नेछ ।

(५) उपदफा (३) बमोजिमको कार्यक्रमको योजना निर्माणमा फोकल शिक्षकले आवश्यक सहयोग गर्नुपर्नेछ र यसरी निर्माण गरिएको कार्यक्रमको योजना समूहको बैठकबाट पारित गरी विद्यालय समक्ष पेश गर्नुपर्नेछ ।

(६) उपदफा (४) बमोजिम बजेट रकमको खर्च गर्दा उपदफा (५) बमोजिमको समूहको बैठकको निर्णयको प्रतिलिपिसहित समूहका संयोजक र फोकल शिक्षकले विद्यालयका प्रधानाध्यापकलाई बजेट रकम निकासाको लागि गरेको पत्राचारका आधारमा मात्र विद्यालयले बजेट रकम खर्च गर्नुपर्नेछ ।

(७) यस निर्देशिका बमोजिमको कार्यक्रम सञ्चालन गर्दा सार्वजनिक बिदा भई विद्यालय बन्द रहेका बखत वा बालबालिकाको अध्ययन अध्यापनमा बाधा नपर्ने गरी गर्नुपर्नेछ ।

६. **<u>समूह गठनः</u>** (१) कार्यक्रम सञ्चालनका लागि विद्यालयले माध्यमिक तहमा अध्ययनरत छात्राहरू मध्येबाट अधिकतम पच्चिसजना छात्राहरू सम्मिलित भएको देहाय बमोजिमको एक किशोरी सशक्तीकरण समूह गठन गर्नुपर्नेछः-

(क) संयोजक —एकजना
(ख) सह-संयोजक —एकजना
(ग) सचिव —एकजना
(घ) सह-सचिव —एकजना
(ङ) कोषाध्यक्ष —एकजना
(च) सदस्य —बिसजना

(२) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष उपदफा (१) बमोजिमको समितिको संरक्षक रहनेछ ।

(३) उपदफा (१) बमोजिमको समूहका सबै पदहरू समूहमा आबद्ध छात्राहरूको सर्वसम्मतीका आधारमा चयन गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिमको समूह गठन गर्दा स्थानीय तहभित्रको भूगोल, जातजाति, बालक्लव, अपाङ्गता भएका व्यक्ति लगायतका आधारमा समावेशी ढङ्गले छात्राहरूलाई सम्मिलित गराउनुपर्नेछ ।

(५) उपदफा (१) र (३) को प्रयोजनका लागि फोकल शिक्षकले आवश्यक सहयोग गर्नुपर्नेछ ।

(६) विद्यालयको अध्ययन अवधि पुरा भई वा अन्य कुनै कारणले समूहमा आबद्ध कुनै सदस्यले समूह छाडेमा फोकल शिक्षकलाई सो को जानकारी गराउनुपर्नेछ ।

(७) उपदफा (१) बमोजिमको समूहका कसैले समूह छाड्न चाहेमा फोकल शिक्षकलाई जानकारी दिनुपर्नेछ ।

(८) उपदफा (७) बमोजिम समूह छाडेका छात्राहरूको स्थानमा तत्पश्चात बस्ने समूहको मासिक बैठकबाट नयाँ सदस्यको रूपमा छात्राहरू चयन गरी फोकल शिक्षकले सो को जानकारी विद्यालयलाई गराउनुपर्नेछ ।

७. **<u>समूहको काम, कर्तव्य र अधिकारः</u>** (१) आफ्नो गाउँ, टोल र बस्तीमा बालविवाहको रोकथाम तथा न्यूनीकरणका लागि स्वयं समेत सचेत भई प्रतिकारात्मक, प्रवर्द्धनात्मक तथा जनचेतनामूलक कार्य गर्नु समूहको मुख्य काम, कर्तव्य र अधिकार हुनेछ ।

(२) उपदफा (१) को सर्वसामान्यतयामा प्रतिकूल असर नपर्ने गरी समूहको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समूहका सदस्यहरूबीच एक अर्कासँग जोडा बनाई बालविवाह विरूद्ध चेतनाको सञ्चार गर्ने,

(ख) आफू बस्ने गाउँ, टोल र बस्तीमा बालविवाह विरूद्ध सचेतना बिस्तार गर्ने,

(ग) बालविवाह हुन लागेको सूचना पाए तुरून्त फोकल शिक्षकमार्फत नजिकैको प्रहरी कार्यालयमा खवर गर्ने,

(घ) आफूमध्ये कसैलाई बालविवाह गर्न घर परिवारबाट दवाव परेमा समूहमा उक्त कुराको सञ्चार गरी उक्त कुराको प्रतिकार गर्ने,

(ङ) बालविवाहको रोकथाम तथा निरूत्साहनका सम्बन्धमा विद्यालय, गाउँ, टोल र बस्तीमा वक्तृत्वकला, सडक नाटक, गीत, कविताावाचन जस्ता सृजनात्मक कार्यक्रम आयोजना गरी जनचेतना अभिवृद्धि गर्ने,

(च) आफ्नो विद्यालय, स्थानीय स्तरमा रहेका बालक्लब, गैर-सरकारी वा सामुदायिक संघसंस्था तथा स्थानीय तहसँग बालविवाह विरूद्धको कार्यका लागि निरन्तर सम्पर्कमा रही आवश्यकता अनुसार छलफल र बैठक गर्ने तथा प्रतिनिधित्व गर्ने,

(छ) विद्यालयमा आयोजना गरिने वक्तृत्वकला, वादविवाद प्रतियोगिता जस्ता अतिरिक्त क्रियाकलापमा बालविवाहको विषयलाई उठान गर्न विद्यालयसँग समन्वय गर्ने,

(ज) विद्यालयमा आफूभन्दा तल्लो कक्षामा अध्ययनरत विद्यार्थीहरूसँग समेत समय समयमा बालविवाहका असर र प्रतिकूल प्रभावका बारेमा छलफल गर्ने,

(झ) कार्यक्रम सञ्चालन नभएका नजिकका अन्य विद्यालयसँग समेत यस कार्यका लागि समन्वय गर्ने,

(ञ) विनियोजित बजेट रकमको उद्देश्यपरक र प्रभावकारी ढङ्गले परिचालन गर्ने, गराउने,

(ट) कार्यक्रमको प्रभावकारिताका सम्बन्धमा मन्त्रालय तथा स्थानीय स्तरमा हुने छलफल तथा अन्तर्क्रियामा प्रतिनिधित्व गर्ने गराउने,

(ठ) कार्यक्रमको प्रभावकारिताका सम्बन्धमा निर्देशक समितिबाट प्राप्त सुझाव एवम् मार्गदर्शनलाई कार्यान्वयन गर्ने,

(ड) कार्यक्रमको प्रभावकारिताका सम्बन्धमा मन्त्रालय तथा स्थानीय तहबाट गरिने अनुगमनमा सहयोग, समन्वय र सहजीकरण गर्ने,

(ढ) आफ्नो काम कारबाहीका सम्बन्धमा प्रत्येक महिना विद्यालय समक्ष प्रतिवेदन पेश गर्ने,

(ण) समूहका सदस्यहरूको नेतृत्व विकासका लागि आवश्यक अन्य कार्य गर्ने गराउने ।

८. **<u>फोकल शिक्षक तोक्ने:</u>** (१) विद्यालयले यस कार्यक्रम सञ्चालनका लागि समूहलाई सहयोग गर्न माध्यमिक स्तरको एक महिला शिक्षकलाई फोकल शिक्षकको रूपमा तोक्नु पर्नेछ ।

तर, विद्यालयमा माध्यमिक स्तरको कुनै पनि महिला शिक्षक कार्यरत नभएमा निम्न माध्यमिक स्तरको कुनै महिला शिक्षकलाई फोकल शिक्षक तोक्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको र फोकल शिक्षकको नाम, पद र सम्पर्क नम्बर समेत उल्लेख गरी सो को जानकारी स्थानीय तह तथा मन्त्रालयलाई गराउनुपर्नेछ ।

९. **<u>फोकल शिक्षकको काम, कर्तव्य र अधिकार:</u>** (१) बालविवाहको रोकथाम र निरूत्साहनका लागि समूहलाई कार्यक्रम सञ्चालनमा सहयोग, समन्वय र सहजीकरण गर्नु फोकल शिक्षकको मुख्य काम, कर्तव्य र अधिकार हुनेछ ।

(२) उपदफा (१) को सर्वसामान्यतयामा प्रतिकूल असर नपर्ने गरी फोकल शिक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समूहको नेतृत्व चयनमा आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने,

(ख) समूहको बैठकको कार्यसूची तय गर्न र बैठक सञ्चालनमा सहयोग गर्ने,

(ग) समूहको गतिविधिबारे समय समयमा विद्यालयलाई जानकारी गराउने,

(घ) बालविवाह हुन लागेको सूचना प्राप्त भएपछि नजिकैको प्रहरी कार्यालय वा जिम्मेवार निकायमा सो को जानकारी तुरून्त गराउने,

(ङ) समूहले गर्ने कार्यहरूमा सम्बन्धमा विद्यालय र समूहबीच सहजकर्ताको रूपमा भूमिका खेल्ने,

(च) विनियोजित बजेट रकमको प्रभावकारी परिचालनका लागि समूहमा सहजीकरण गर्ने,

(छ) कार्यक्रमको प्रभावकारिताका सम्बन्धमा मन्त्रालय तथा स्थानीय स्तरमा हुने छलफल तथा अन्तर्क्रियामा विद्यालयको तर्फबाट प्रतिनिधित्व गर्ने,

(ज) कार्यक्रमको प्रभावकारिताका सम्बन्धमा मन्त्रालय तथा स्थानीय तहबाट गरिने अनुगमनमा सहयोग, समन्वय र सहजीकरण गर्ने,

(झ) मन्त्रालयमा समूहको तर्फबाट पेश गरिने प्रतिवेदन तयारीका लागि समूहलाई सहयोग गर्ने,

(ञ) मन्त्रालयले समय समयमा तोकेका अन्य कार्यहरू गर्ने, गराउने ।

१०. **<u>समूहको बैठक:</u>** (१) समूहको बैठक प्रत्येक महिना कम्तिमा एकपटक बस्नेछ ।

(२) समूहको संयोजकले तोकेको मिति र समयमा समूहको बैठक बस्नेछ ।

(३) समूहको संयोजकले समूहको बैठकको अध्यक्षता गर्नेछ । संयोजकको अनुपस्थितिमा समूहको सह-संयोजकले बैठकको अध्यक्षता गर्नेछ ।

(४) फोकल शिक्षक बैठकको आमन्त्रित सदस्य हुनेछ र बैठक सञ्चालनका लागि समूहको संयोजकलाई आवश्यक सल्लाह र सुझाव प्रदान गर्नेछ ।

(५) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा सदस्य, विद्यालयका प्रधानाध्यापक वा शिक्षक/शिक्षिका वा अन्य जो सुकै व्यक्ति वा पदाधिकारीलाई समूहको बैठकमा आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

(६) सर्वसम्मतिबाट समूहको बैठकको निर्णय गर्नुपर्नेछ ।

(७) बैठक सञ्चालन सम्बन्धी अन्य कार्यविधि समूह आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**११.** **निर्देशक समितिः** (१) कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्न आवश्यक सुझाव तथा मार्गदर्शन गर्न विद्यालय स्तरमा देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः-

(क) सम्बन्धित विद्यालयका प्रधानाध्यापक —संयोजक

(ख) फोकल शिक्षक —सदस्य

(ग) माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरू मध्येबाट तीन छात्र र समूह भित्रका दुई छात्रा गरी पाँचजना —सदस्य

(घ) संयोजक, समूह —सदस्य-सचिव

(२) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष उपदफा (१) बमोजिमको निर्देशक समितिको संरक्षकको रूपमा रहनेछ ।

(३) निर्देशक समितिको बैठक प्रत्येक तीनमहिनामा कम्तिमा एकपटक बस्नेछ ।

(२) संयोजकले तोकेको मिति र समयमा बैठक बस्नेछ ।

(३) निर्देशक समितिको संयोजकले निर्देशक समितिको बैठकको अध्यक्षता गर्नेछ ।

(४) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा अन्य पदाधिकारीहरू, विद्यालयका अन्य शिक्षक/शिक्षिका वा अभिभावकहरूको प्रतिनिधिलाई निर्देशक समितिको बैठकमा आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

(५) सर्वसम्मतीबाट बैठकको निर्णय गर्नुपर्नेछ ।

(६) बैठक सञ्चालन सम्बन्धी अन्य कार्यविधि निर्देशक समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१२.** **विद्यालयको दायित्वः** (१) दफा ४ बमोजिम कार्यक्रम सञ्चालनका लागि छनौट भएको विद्यालयले प्रत्येक शुक्रबार हुने अतिरिक्त क्रियाकलाप अन्तर्गत बाल विवाह सम्बन्धी विषयलाई प्रमुख मुद्दाको रूपमा उठान गरी मामिला अध्ययन (Case Study), अनुसन्धान (Research), लक्षित समूह छलफल (Focus Group Discussion) जस्ता गतिविधिहरू गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमका गतिविधिहरूबाट विद्यालयलाई प्राप्त सुझाव तथा प्रतिवेदनका सम्बन्धमा विद्यालयका सबै विद्यार्थीहरूलाई सुसूचित गराई बालविवाह विरूद्धको अभियानमा सहयोग गर्नुपर्नेछ ।

१३. **खाजा खर्चः** (१) समूहको बैठक बसेको समयमा बैठकमा सहभागीहरूको खाजाका लागि प्रतिबैठक प्रतिव्यक्ति अधिकतम एक सय रूपैयाँसम्म हुनेगरी अधिकतम अट्ठाइस जनासम्मका लागि खर्च गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको खाजा खर्च वार्षिक रूपमा बढिमा चौध वटा बैठकको लागि मात्र गर्न पाइनेछ ।

(३) निर्देशक समितिको बैठक बसेको समयमा बैठकमा सहभागीहरूको खाजाका लागि प्रतिबैठक प्रतिव्यक्ति अधिकतम एक सय रूपैयाँसम्म हुनेगरी अधिकतम एघार जनासम्मका लागि खर्च गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिमको खाजा खर्च वार्षिक रूपमा बढिमा छ वटा बैठकको लागि मात्र गर्न पाइनेछ ।

१४. **लेखा र लेखा परीक्षणः** स्थानीय तहले यस कार्यक्रमका लागि प्राप्त बजेट रकमको प्रचलित कानून बमोजिम लेखा परीक्षण गराउनुपर्नेछ ।

१५. **अनुगमन र प्रतिवेदनः** (१) कार्यक्रमको समय-समयमा मन्त्रालय र आवश्यकता अनुसार स्थानीय तहबाट समेत अनुगमन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गरिने अनुगमनमा विद्यालयका प्रधानाध्यापक, फोकल शिक्षक तथा समूहले आवश्यक सहयोग तथा सहजीकरण गर्नुपर्नेछ ।

(३) समूहले कार्यक्रम सञ्चालनका सिलसिलामा आफूले गरेका क्रियाकलापहरूको सम्बन्धमा प्रत्येक महिना अनुसूची-१ बमोजिमको ढाँचामा विद्यालय समक्ष मासिक प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(४) विद्यालयले कार्यक्रमको प्रभावकारिता तथा कार्यक्रमका लागि विनियोजित बजेट रकमको खर्चका सम्बन्धमा प्रत्येक चार-चार महिनामा मन्त्रालय तथा सम्बन्धित स्थानीय तह समक्ष अनुसूची-२ बमोजिमको ढाँचामा प्रतिवेदन पेश गर्नुपर्नेछ । यस कार्यका लागि फोकल शिक्षकले विद्यालयलाई आवश्यक सहयोग तथा सहजीकरण गर्नुपर्नेछ ।

१६. **बाधा अड्काउ फुकाउनेः** मन्त्रालयले यस निर्देशिका तथा प्रचलित कानूनको अधीनमा रही यस निर्देशिकाको कार्यान्वयनका क्रममा आउने बाधा अड्काउ फुकाउन सक्नेछ ।

१७. **अनुसूचीमा हेरफेर वा थपघटः** मन्त्रालयले आवश्यकता अनुसार यस निर्देशिकामा भएका अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

१८. **संशोधन तथा खारेजीः** यस निर्देशिकाको संशोधन तथा खारेजी गर्ने अधिकार प्रदेश सरकारमा निहित रहनेछ ।

अनुसूची-१

(दफा १५ को उपदफा (३) सँग सम्बन्धित)

## समूहले विद्यालय समक्ष पेश गर्ने प्रतिवेदनको ढाँचा

## किशोरी सशक्तीकरण कार्यक्रम

## मासिक क्रियाकलाप सञ्चालन प्रतिवेदन

कार्यक्रम सञ्चालन भएको स्थानीय तहको नामः

कार्यक्रम सञ्चालन भएको विद्यालयको नाम र ठेगानाः

प्रतिवेदन पेश भएको आ.व. र महिनाः

| सि.नं. | क्रियाकलाप | लाभान्वित संख्या | | लाभान्वित समुदाय | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरूष | आदिवासी जनजाति | मधेसी | दलित | मुस्लिम | अन्य (समुदायको नाम उल्लेख गर्ने) | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

पेश गर्ने
दस्तखतः

नाम थरः
पदः सचिव
कक्षाः

प्रमाणित गर्ने
दस्तखतः

नाम थरः
पदः संयोजक
कक्षाः

अनुसूची-२

(दफा १५ को उपदफा (४) सँग सम्बन्धित)

## विद्यालयले मन्त्रालय तथा स्थानीय तह समक्ष पेश गर्ने प्रतिवेदनको ढाँचा

फाराम १

### किशोरी सशक्तीकरण कार्यक्रम

### चौमासिक प्रगति प्रतिवेदन

कार्यक्रम सञ्चालन भएको स्थानीय तहको नामः

कार्यक्रम सञ्चालन भएको विद्यालयको नाम र ठेगानाः

प्रतिवेदन पेश भएको आ.व. र चौमासिक (प्रथम, द्वितीय र तृतिय):

**क्रियाकलापगत विवरण**

| क्र.सं. | क्रियाकलाप | लाभान्वित संख्या | | लाभान्वित समुदाय | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरूष | आदिवासी जनजाति | मधेसी | दलित | मुस्लिम | अन्य (समुदायको नाम उल्लेख गर्ने) | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

पेश गर्ने

दस्तखतः

नाम थरः

पदः फोकल शिक्षक

प्रमाणित गर्ने

दस्तखतः

नाम थरः

पदः प्रधानाध्यापक

फाराम २

**बजेट रकम खर्च सम्बन्धी विवरण**

| क्र.सं. | गत चौमासिक सम्मको बजेट | चालु चौमासिक खर्च | खर्चको कारण | बाँकी बजेट | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

<u>पेश गर्ने</u>
दस्तखतः

नाम थरः
पदः लेखा सहायक/लेखापाल/लेखा अधिकृत

<u>प्रमाणित गर्ने</u>
दस्तखतः

नाम थरः
पदः प्रधानाध्यापक